# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः ६, बैशाख २२ गते, २०७८ साल

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका प्राकृतिक स्रोतको व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।१।२२

**प्रस्तावना** : नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोतको दिगो व्यवस्थापन गर्न बान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (प) र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम प्रारम्भ** : (१) यस कार्यविधिको नाम “व्यास नगरपालिका प्राकृतिक स्रोतको व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८” रहेको छ ।

(२) यस कार्यविधिको क्षेत्राधिकार व्यास नगरपालिका क्षेत्र भित्र रहने छ ।

(३) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “अनुगमन समिति” भन्नाले दफा १२ बमोजिमको गठित अनुगमन समिति सम्झनु पर्छ ।

(ख) “उपप्रमुख” भन्नाले व्यास नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ग) “कार्यपालिका” भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) “कार्यविधि” भन्नाले व्यास नगरपालिका प्राकृतिक स्रोतको व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ सम्झनु पर्छ ।

(ङ) “घाटगद्दी” भन्नाले ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर सङ्कलन वा उत्खनन् गरी अस्थायी भण्डारका लागी तोकिएको स्थानलाई सम्झनु पर्छ ।

(च) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(छ) “प्राकृतिक स्रोत” भन्नाले नदी, खोला, खोल्सी क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन् वा सङ्कलन गरिने बहुमूल्य पत्थर ऐतिहासिक र साँस्कृतिक महत्वका शालीग्राम, शिला र अति मूल्यवान वस्तु बाहेकका ढुङ्गा, गिट्टी बालुवा/रोडा, गेग्रान, चट्टान, माटो, चुन ढुङ्गा, स्लेट ढुङ्गा जस्ता नदीले बगाई ल्याएका वा थिग्रिएको नदी तथा खानीजन्य वस्तु सम्झनु पर्छ ।

(ज) “प्रमुख” भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ञ) “प्रारम्भिक वातावरणीय परीक्षण” भन्नाले वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७ बमोजिमको प्रारम्भिक वातावरण परीक्षण सम्झनु पर्छ ।

(ट) “राजश्व” भन्नाले ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर आदि सङ्कलन गरे वापत नगरपालिकालाई बुझाउनु पर्ने सरकारी राजश्व सम्झनु पर्छ ।

(ठ) “वातावरणीय प्रभाव मूल्याङ्कन” भन्नाले वातावरण संरक्षण ऐन, २०७६ र नियमावली २०७७ बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ ।

(ड) “सभा” भन्नाले व्यास नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

३. **<u>अनुमति लिनु पर्ने</u>** : प्राकृतिक स्रोत उत्खनन्, सङ्कलन, भण्डारण गर्न नगरपालिकाबाट अनुसूची १ अनुसार अनुमति पत्र लिनु पर्नेछ ।

४. **<u>कार्य योजना बनाउने</u>** : (१) नगरपालिकाले देहायका कुराहरु समावेश गरी प्राकृतिक स्रोत सङ्कलन सम्बन्धी वार्षिक रुपमा कार्य योजना बनाउनु पर्नेछ ।

(क) उत्खनन् र सङ्कलन गर्न हुने वा नहुने क्षेत्र,

(ख) पूर्वाधार निर्माणको लागी चाहिने परिमाण र स्रोत उपलब्धता,

(ग) भण्डारण वा घाटगद्दी स्थल,

(घ) सङ्कलनको विधि र उपयोग हुने मेसिन औजार,

(ङ) नगरपालिकाले प्राप्त गर्ने अनुमानित आर्थिक लाभ ।

(२) उपदफा (१) बमोजिम तयार भएको कार्य योजना नगरपालिकाको सभामा पेश गर्नु पर्नेछ ।

(३) प्राकृतिक स्रोत उत्खनन् र सङ्कलन सम्बन्धमा नगरपालिकाबाट तयार पारिएको वार्षिक कार्य योजनालाई सभाले स्वीकृत गर्नेछ ।

५. **वातावरणीय प्रभाव अध्ययन** : (१) प्राकृतिक स्रोतको उत्खन्न र सङ्कलन गर्नु अघि नगरपालिकाले प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातवरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ ।

६. **प्राकृतिक स्रोत उत्खनन् र सङ्कलनः** (१) नगरपालिकाले निषेध गरेको क्षेत्रबाट प्राकृतिक स्रोतको उत्खनन् र सङ्कलन गर्न पाइने छैन ।

(२) प्राकृतिक स्रोत उत्खनन् गर्दा अनुमति नलिई डोजर, स्क्याभेटर, लोडर जस्ता हेभी इक्यूपमेन्ट प्रयोग गर्न पाइने छैन । अन्य क्षेत्रको हकमा स्वीकृत प्रारम्भिक वातावरण परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए बमोजिमका मेशिन औजार मात्र प्रयोग गर्नु पर्नेछ ।

(३) प्राकृतिक स्रोतको उत्खनन्, सङ्कलन गर्दा माटो, पानी, कृषि योग्य जमिन, जौविक विवधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कुलो, स्कुल, कलेज, मानव वस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागी आवश्यक देखेमा नगरपालिकाले सूचना प्रकाशित गरी नगरपालिका भित्रको कुनै नदी वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागी सम्वेदनशील क्षेत्र घोषणा गरी ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन्, सङ्कलनमा रोक लगाउन सक्नेछ ।

(४) नदीजन्य प्राकृतिक स्रोत उत्खनन् तथा सङ्कलन कार्य असार १ गतेदेखि भाद्र १५ गतेसम्म पाइने छैन ।

(५) प्राकृतिक स्रोत उत्खनन् तथा सङ्कलन कार्य सुर्यास्तदेखि सुर्येदय नहुदाँसम्म  गर्न पाइने छैन ।

(६) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, डुवानले राजमार्ग, खेतीबारी, गाउँ, वस्ती, शहर बजार, पक्की पुल जस्ता क्षेत्रमा थुपारेको ढुङ्गा, गिट्टी, बालुवा,  माटो, चट्टान दहत्तर बहत्तर हटाउन पर्ने भएमा नगरपालिकाले हटाउन सक्नेछ ।

७. **भण्डारण, घाटगद्दीको व्यवस्था** : (१) प्राकृतिक स्रोत उत्खनन् तथा सङ्कलन पश्चात् नगरपालिकाले उपर्युक्त भण्डारण तथा घाटगद्दीको स्थान तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको स्थल बाहेक कोही कसैले भण्डारण वा घाटगद्दी गर्नु हुदैन । नगरपालिकाले सार्वजनिक, ऐलानी, प्रति जग्गा उपलब्ध गराउन वा निजी जग्गा उपलब्ध गराउँदा सम्झौता बमोजिम शुल्क बुझाउनु पर्नेछ ।

(३) नगरपालिकाले वर्षको प्रत्येक तीन महिनामा एक पटक घाटगद्दी स्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

८. **प्राकृतिक स्रोतको उपयोग** : (१) प्राकृतिक स्रोतको उपयोगमा स्थानीय आवश्यकता र नगरपालिकाको विकास निर्माणलाई चाहिने मागको आपूर्तिलाई पहिलो प्राथमिकता दिइने छ ।

(२) नगरपालिकाको राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजना तथा अन्य सार्वजनिक निर्माण कार्यका लागी आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा, माटो,

चट्टान दहत्तर बहत्तर जस्ता निर्माण सामग्री प्रचालित दररेट अनुसार कर तथा शुल्क दिई सहज र सरल रुपले उपलब्ध गराउन सक्नेछ ।

(३) प्राकृतिक स्रोतको उपलब्धताका आधारमा अन्तर स्थानीय तह निकासीको व्यवस्थालाई बाधा पुग्ने छैन ।

(४) प्राकृतिक स्रोत विदेश निकासी सम्बन्धी व्यवस्था नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

९. **प्राकृतिक स्रोतको राजश्व दररेट/बाँडफाँड** : (१) प्राकृतिक स्रोतको बिक्री गर्दा लाग्ने राजश्व दररेट नगर सभाले तोके बमोजिम हुनेछ । अन्य शुल्कहरु नगरपालिकाको कर तथा गैह्र कर सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) खानी तथा खनिज पदार्थ बाहेकका निमार्णजन्य प्राकृतिक स्रोतको राजश्वको बाँडफाँड प्रचलित कानुन बमोजिम नगरपालिका र प्रदेश सरकारका बिचमा हुनेछ ।

(३) नगरपालिकाले प्राकृतिक स्रोतको बिक्रीबाट प्राप्त कुल राजश्वको बढिमा १०% त्यस्तो प्राकृतिक स्रोत सङ्कलन, उत्खनन् गर्दा प्रभावित हुने क्षेत्रका समुदाय वा वातावरण संरक्षणका काममा खर्च गर्नु पर्नेछ । उक्त रकम मध्ये ६० प्रतिशत रकम पूर्वाधार निर्माण र ४० प्रतिशत रकम चालु खर्च तर्फ विनियोजन गर्नु पर्नेछ ।

१०. **ढुवानी तथा ओसार पसार सम्बन्धी व्यवस्था** : (१) प्राकृतिक स्रोतको ओसार पसार गर्दा देहायका बमोजिम गर्नु पर्नेछ :

(क) पानीले भिजेको र पानी चुहिने ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान दहत्तर बहत्तर बोकेर ढुवानीका साधान पक्की सडकमा गुडाउन पाइने छैन,

(ख) ढुवानी साधनले वहन गर्न पाउने तौलभन्दा बढी तौल राखी वा न्यून विलकारी ढुवानीका साधन सडकमा गुडाउने र नछोपी खुल्ला रुपले ढुवानी गर्न पाउने छैन,

(ग) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर लगायत कुनै पनि सामग्री सङ्कलन गर्न वा संचय गरी राख्न पाइने छैन । ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर आदि बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न पाइने छैन ।

(घ) ढुवानी गर्दा सडकको मापदण्ड, भार वहन क्षमता हेरी शहरी क्षेत्रमा ढुवानी गर्ने सम्बन्धमा नगरपालिकाले विशेष व्यवस्था गर्न सक्नेछ ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले भण्डारण वा घाटगद्दी क्षेत्र र आवश्यकता अनुसार अन्य क्षेत्रमा भार वहन क्षमता मापन मेसिन राखी कार्यान्वयन गर्न सक्नेछ ।

(३) अन्तर स्थानीय तह वा अन्तर प्रदेशमा ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान दहत्तर बहत्तरको ओसार पसार र ढुवानी गर्दा कसैले अवरोध वा कुनै किसिकको ढाट राखी थप कर, शुल्क वा दस्तुर लिन पाइने छैन ।

(४) ओसार पसार तथा ढुवानी सम्बन्धी अन्य व्यवस्था सम्झौता बमोजिम हुनेछ ।

**११. सङ्कलन सम्बन्धी मापदण्ड** : (१) प्राकृतिक स्रोतको उत्खनन्, सङ्कलन, भण्डारण कार्य गर्दा दुरी सम्बन्धी मापदण्ड अनुसूची २ बमोजिम हुनेछ ।

(२) यस दफा बमोजिमको मापदण्ड कायम गर्ने वा पालना गराउने सम्बन्धमा नेपाल सरकार र प्रदेश सरकारको निर्देशन पालना गर्नु पर्नेछ ।

(३) हाल सञ्चालन रहेका यस कार्यविधि अनुरुपको मापदण्ड पुरा नगरेका फर्म वा कम्पनीले तीन महिना भित्र यस मापदण्ड अनुसार स्थानान्तरण वा व्यवस्थापन गरी सञ्चालन गर्नु पर्नेछ ।

**१२. अनुगमन सम्बन्धी व्यवस्था** : (१) प्राकृतिक स्रोतको उत्खनन, सङ्कलन, भण्डारण, ओसारपसार र बिक्री वितरणको अनुगमन, नियमन तथा व्यवस्थित गर्न गराउनका लागि एक नगर स्तरीय अनुगमन समिति गठन गरिने छ ।

(२) उपदफा (१) बमोजिमको नगर स्तरीय अनुगमन समितिमा देहाय बमोजिमका पदाधिकारी रहने छन् ।

(क) उपप्रमुख -संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(ग) प्राकृतिक स्रोत रहेको सम्बन्धित वडाका वडाध्यक्ष -सदस्य
(घ) शहरी पूर्वाधार तथा प्राविधिक शाखा प्रमुख -सदस्य
(ङ) वित्तीय व्यवस्थापन शाखा प्रमुख -सदस्य
(च) वातावरण तथा विपद् व्यवस्थापन उपशाखा प्रमुख -सदस्य
(छ) राजश्व व्यवस्थापन उपशाखा प्रमुख -सदस्य सचिव

(३) आवश्यकता अनुसार समितिले विज्ञ वा अन्य आवश्यक देखिएका व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) नगर स्तरीय अनुगमन समितिको कार्य देहाय बमोजिम हुनेछ :

(क) यस सम्बन्धी नीति, नियम, मापदण्ड तर्जुमा र संशोधनका लागी कार्यपालिकालाई सुझाव दिने,
(ख) यस सम्बन्धी अन्तर वडामा कुनै विवाद भए समन्वय गरी निरुपण गर्ने,
(ग) अन्तर स्थानीय तह बिच विवाद भएमा कार्यपालिका मार्फत नगर प्रमुख तथा सभामा विवादको विषय पेश गर्ने,
(घ) आवश्यकता अनुसार समितिको थप कार्य विवरण आफै बनाई लागु गर्ने,
(ङ) प्राकृतिक स्रोतको उत्खनन्, सङ्कलन, भण्डारण, प्रशोधन तथा बिक्री वितरण सम्बन्धमा अनुगमन गरी राय सल्लाह सुझाव सहितको प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्ने,

**१३. <u>वातावरणीय पुर्नस्थापना</u> :** (१) उत्खनन क्षेत्र वा आसपासका क्षेत्रमा कार्य सम्पन्न भइसकेपछि हरियाली प्रवर्धन, तटबन्ध निर्माण, थिग्रियाउने पोखरी निर्माण, खोलाको वहाव नियन्त्रण गर्न पक्की बाँध लगायतका भू- तथा जलाधार संरक्षण जस्ता पुनर्स्थापनाका कार्यहरु गर्न नगरपालिकाले योजना बनाउनु पर्नेछ ।

(२) प्राकृतिक स्रोत उत्खनन् र सङ्कलन कार्यबाट वातावरण, गाउँ बस्ती, कृषि भूमि, वन क्षेत्र र जलाधारमा प्रतिकूल प्रभाव परेको अवस्थामा खोला, नदी र आसपासका क्षेत्रको भू-बनोट, प्राकृतिक सुन्दरता, वन जंगल, जलाधार र कृषि प्रणालीलाई जीवन्त राख्न नगरपालिकाले सो कार्यमा तत्काल रोक लगाई संरक्षण र पुनरुत्थानको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

**१४. <u>निषेधित कार्यहरु</u>** : (१) यस कार्यविधि बमोजिम देहायका कार्यहरु निषेध गरिएको छः

(क) प्रचलित कानून बमोजिम दर्ता नगरी, अनुमति नलिई अवैध रुपमा ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान दहत्तर बहत्तर उत्खनन, सङ्कलन, भण्डारण गर्ने कार्य सञ्चालन गर्न,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नगरी ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन्, सङ्कलन, भण्डारण गर्ने कार्य नगरपालिका आफैले वा ठेक्का लगाउने कार्य गर्न,

(ग) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर उत्खनन, संकलन, भण्डारणका लागि तोकिएको मापदण्ड विपरीत कार्य गर्न,

(घ) तोकिएको स्थान बाहेक अन्य स्थानमा स्थानान्तरण गर्न ।

(ङ) अनुमति विपरीत सञ्चालन गर्ने र स्वीकृत प्राप्त भएको भन्दा बढी उत्खनन, सङ्कलन गर्न,

(च) पुरातात्विक, धार्मिक तथा सौन्दर्यीकरण महत्वका बहुमुल्य ढुङ्गा पत्थरको उत्खनन्, सङ्कलन तथा बिक्री वितरण गर्न,

छ) यस कार्यविधि विपरीत उत्खनन, संकलन/ओसारपसार, बिक्री वितरण गर्न ।

(२) उल्लेखित निषेधित कार्य गरेको पाइएमा प्रचलित कानुन बमोजिम दण्ड जरिवाना गरिने छ ।

**१५. विविध :** (१) यो कार्यविधि लागू भएको मितिले एक महिना भित्र प्राकृतिक स्रोत साधन उत्खनन्, सङ्कलन र भण्डारण गर्ने व्यक्ति वा फर्मले आफूसँग रहेको ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको परिमाण सहितको विवरण, सङ्कलन, उत्खननको स्रोत, चालु आ.व.को बिक्री वितरणको परिमाण र भावी योजना सहितको प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ । तत्पश्चात उत्खनन, सङ्कलन तथा घाटगद्दीमा भएको मौज्दातको विवरण मासिक रुममा नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(२) स्लेट ढुङ्गा उत्खनन् स्थल नगरपालिकाबाट अनुमति लिई वातावरणीय पक्षलाई ध्यान दिई व्यवस्थित ढङ्गले प्रचलित कानुन बमोजिम सञ्चालन गर्नुपर्नेछ ।

(३) ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान खानीको रुपमा सञ्चालन गर्नुपर्ने भएमा नेपाल सरकारले व्यवस्था गरे अनुसार हुनेछ ।

(४) प्राकृतिक स्रोतको उत्खनन, सङ्कलन, बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यमा नगरपालिका, जिल्ला समन्वय समिति र प्रादेशिक अनुगमन समितिलाई स्थानीय प्रशासनले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(५) प्राकृतिक स्रोतको उत्खनन्, सङ्कलन, बिक्री वितरणमा काम गर्ने मजदुरको बिमा, स्वास्थ्य, सुरक्षा तालिम र सुरक्षा सामग्री सम्बन्धी व्यवस्था सम्बन्धित व्यवसायीले गर्नु पर्नेछ ।

**१६. थपघट तथा हेरफेर :** (१) यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

**१७. बाधा अड्काउ, फुकाउ :** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा कार्यपालिकाले बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची १

**(दफा ३ सँग सम्बन्धित)**

प्राकृतिक स्रोतको उत्खनन, सङ्कलन, बिक्री वितरण अनुमति पत्रको ढाँचा

व्यास नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ

अनुमतिपत्र

श्री ..................................,
........................................

तपाईको फर्म वा कम्पनीले ..................... सम्बन्धी कार्य गर्नको लागि यस कार्यालयमा पेश गर्नु भएको निवेदन र संलग्न कागजात उपर कारवाही हुदाँ मिति .......................... को निर्णयानुसार .............................कार्य गर्ने गरी यो अनुमतिपत्र दिइएको छ। प्रचलित कानुन बमोजिम गर्नु गराउनु होला।

१. अनुमति प्राप्त गर्ने फर्म कम्पनीको नामः
२. फर्म /कम्पनी सञ्चालनको नामः
३. ठेगाना :
४. फर्म कम्पनी सञ्चालन हुने स्थानः
५. चार किल्लाः

अनुमतिपत्र प्रदान गर्ने अधिकृतको

नामः

दर्जाः

दस्तखतः

मितिः

द्रष्टव्यः यो अनुमतिपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन नियमानुसार दस्तुर लाग्नेछ।

अनुसूची २

(दफा ११ को उपदफा १ सँग सम्बन्धित)

प्राकृतिक स्रोतको उत्खनन् र सङ्कलन सम्बन्धी मापदण्ड

| सि.नं. | विवरण | मापदण्ड |
|---|---|---|
| १. | ताल तलैया र धार्मिक, साँस्कृतिक र पुरातात्विक महत्वका स्थान | घटिमा ३०० मिटर बाहिर |
| २. | विद्युट हाइटेन्सन लाइनबाट | घटिमा ३०० मिटर बाहिर |
| ३. | शिक्षण संस्था, स्वास्थ्य संस्था | घटिमा ३०० मिटर बाहिर |
| ४. | घना बस्तीबाट | घटिमा ३०० मिटर बाहिर |
| ५. | वन क्षेत्रबाट | घटिमा ३०० मिटर बाहिर |
| ६. | पक्की एवं झोलुङ्गे पुलबाट | घटिमा ३०० मिटर बाहिर |
| ७. | राजमार्गबाट | घटिमा ३०० मिटर बाहिर |

आज्ञाले

डिल्लीराम सिग्देल

प्रमुख प्रशासकीय अधिकृत